# शिक्षण सहयोग अनुदान सम्बन्धी

# कार्यविधि

२०८१

सोनमा गाउँपालिका

सोनमा, महोत्तरी नेपाल

# शिक्षण सहयोग अनुदान सम्बन्धी कार्यविधि - २०८१

## सोनमा गाउँपालिका

**प्रस्तावना**

विद्यालय शिक्षालाई सर्वसुलभ, व्यवस्थित, मर्यादित एवम् गुणस्तरीय बनाई सबै नागरिकमा शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्ने उद्देश्यले यस गाउँपालिकाभित्रको मा.वि. र आधारभूत (नि.मा.वि. र प्रा.वि.) तह सञ्चालित न्यून दरबन्दी भएका विद्यालयहरुको पठनपाठनमा सहयोग पुऱ्याउन आवश्यक देखिएकाले शिक्षण सहयोग अनुदान वितरण, पदपूर्ति र परिचालन गर्नका लागि शिक्षण सहयोग अनुदान सम्बन्धी कार्यविधि - २०८१ सोनमा गाउँपालिकाको शिक्षा कार्यविधि,२०७५ (संशोधनसहित) को नियम ५४ को उपनियम ५ बमोजिम यो कार्यविधि सोनमा गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गरेको छ ।

सोनमा गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
सोनमा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क.यो कार्यविधिको नाम "शिक्षण सहयोग अनुदान सम्बन्धी कार्यविधि - २०८१" रहने छ । यो कार्यविधि सोनमा गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रशनले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "कार्यविधि" भन्नाले शिक्षण सहयोग अनुदान सम्बन्धी कार्यविधि - २०८१"सम्झनुपर्छ ।

ख. "मा.वि." भन्नाले कक्षा ९-१०/९-१२ सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

ग. "आधारभूत (नि.मा.वि.)" भन्नाले कक्षा ६-८ सम्म सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

घ. "आधारभूत (प्रा.वि.)" भन्नाले कक्षा १-५ सम्म सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

ङ. "व्यवस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएका विद्यालय व्यवस्थापन समिति लाई सम्झनुपर्छ ।

च. "शि.अ.संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ ।

छ. "प्र.अ." भन्नाले विद्यालयको शैक्षिक एवम प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

ज. "शिक्षक" भन्नाले विद्यालयमा प्रा.वि. तहदेखि मा.वि. तहसम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ ।



CamScanner

झ. "गा.पा." भन्नाले सोनमा गाउँपालिकालाई सम्झनुपर्छ ।

ञ. "कर्मचारी" भन्नाले विद्यालयलाई सशर्त अनुदान प्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकतानुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, विद्यालय सहायक, विद्यालय सहयोगी, लाइब्रेरियन, चौकीदार र स्वीपर (शौचालय सफाईकर्मी) लाई सम्झनुपर्छ ।

ट. "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ठ. "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ ।

ड. "विषयविज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गाउँपालिका शिक्षा शाखाबाट सूचीकृत भएका आधारभूत ( प्राथमिक/निम्नमाध्यमिक तह), माध्यमिक तहका शिक्षकहरुलाई सम्झनुपर्छ ।

ढ. "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश/शिक्षा निर्देशनालयलाई प्रसंग अनुसार सम्झनुपर्छ ।

ण. अन्य शब्द, नियमावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ ।

**३. उद्देश्य :** सोनमा गाउँपालिका भित्रका मा.वि. र आधारभूत (नि.मा.वि. र प्रा.वि.) तह सञ्चालित न्यून दरबन्दी भएका विद्यालयहरुको पठनपाठनलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सहयोग पुऱ्याउन आवश्यक देखिएकाले अनुदान वितरण, दक्ष, योग्य शिक्षक छनौट गर्न, सेवा, शर्त, सुविधा, काम कर्तव्य, अधिकार, पुरस्कार र सजाय सम्बन्धी प्रावधानहरु स्पष्ट पार्ने उद्देश्यले शिक्षण सहयोग अनुदान सम्बन्धी कार्यविधि - २०७९ निर्माण गरिएको छ ।

## परिच्छेद-२

## शिक्षण अनुदान, दरबन्दी र शैक्षिक योग्यता

**४. शिक्षण सहयोग अनुदान** : सोनमा गाउँपालिकाले शिक्षण सहयोग अनुदानको लागि छुट्याइएको रकम निम्नानुसार वितरण गरिनेछ ।

क. मा.वि. तह सञ्चालित विद्यालयहरुमध्ये शुन्य दरबन्दी एवम् शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तीमा १(एक) जना र बढीमा २ (दुई) जना शिक्षकको लागि अनुदान ।

ख. मा.वि. तह सञ्चालित विद्यालयहरुमध्ये १ (एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकको लागि अनुदान ।

ग. आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ सञ्चालित विद्यालयहरुमध्ये शुन्य दरबन्दी एवम् शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तीमा १ (एक) र बढीमा २ (दुई) जना शिक्षकका लागि अनुदान ।

घ. आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ सञ्चालित विद्यालयहरुमध्ये १ (एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकको लागि अनुदान ।

ङ. आधारभूत तह (नि.मा.वि.) कक्षा ६-८ सञ्चालित विद्यालयहरुमा प्रा.वि. तहको कम्तीमा ३ वा सो भन्दा बढी शिक्षक दरबन्दी भएको र नि.मा.वि. दरबन्दी नभएको विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

च. आधारभूत तह (प्राथमिक तह) कक्षा १-५ सञ्चालित विद्यालयमा ३ जना भन्दा कम शिक्षक भएको र १-३ सञ्चालितमा १ मात्र दरबन्दी भएकोमा १ जना शिक्षकका लागि अनुदान ।

छ. विद्यालयहरुको छनौट गर्दा तह अनुसार कम्तीमा ५० जना र पूरै तह सञ्चालन नभएको विद्यालयका हकमा एउटा कक्षामा ३० जना विद्यार्थी भएको हुनुपर्छ र त्यस्तो विद्यालयलाई सम्वन्धित तहको १ (एक) जना शिक्षकको लागि अनुदान ।

ज. कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नु पर्ने भएमा गाउँ शिक्षा समितिले निर्णयबाट अनुदान दिन सक्नेछ ।

झ. शिक्षण सिकाइ सहयोग अनुदानको लागि विनियोजित रकमबाट गाउँपालिकाले विद्यालयगत रुपमा अनुदान रकम गाउँ शिक्षा समितिको बैठकबाट निर्धारण गरिनेछ ।

ञ. सोनमा गाउँसभाबाट विनियोजन भएको रकमबाट शिक्षण सहयोग अनुदान विद्यालयहरुमा शिक्षण सिकाइ अनुदानको रुपमा प्रदान गरिनेछ ।

**५. शैक्षिक योग्यता :**

क. दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित तहका लागि शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितमा तोकिए बमोजिम हुनेछ ।

**६. उम्मेदवारको अयोग्यता :**

(१) देहायका उम्मेदवार शिक्षक पदमा उम्मेदवार हुनका लागि योग्य हुन सक्ने छैनन्:

क. गैर-नेपाली नागरिक
ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेका
ग. मगज बिग्रेको
घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका
ङ. भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको
च. सम्बन्धित तहका लागि योग्यता नपुगेको व्यक्ति
छ. अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक शत्र २०८१ का लागि शिक्षक छनौट गर्दा सोनमा गाउँपालिका अर्न्तगतका विद्यालयमा गा.पा. अनुदानमा वा विद्यालयको निजिश्रोत्तबाट विद्यालयबाट नियुक्त शिक्षकहरुको हकमा उम्मेदवार हुन एक पटकको लागि उमेरको हदबन्दी लाग्ने छैन ।

सोनमा गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
सोनमा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७२

## परिच्छेद-३

## पदपूर्ति, विज्ञापन, नियुक्ति र काम कर्तव्य

**७. पदपूर्ति :**

(१) गाउँपालिकाबाट शिक्षण सहयोग अनुदान रकम र विद्यालयबाट माग भएपछि शिक्षक छनौट समितिले तोकिए बमोजिमको अनिवार्य र ऐच्छिक बिषय समेत विद्यालयको आवश्यकतानुसारको विषयको शिक्षक पद खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुऱ्याई छनौट गर्नुपर्नेछः

क. गा.पा. लाइ आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक योग्यता, उमेर, परीक्षा हुने मिति, परीक्षाको किसिम, स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्ध्र) दिनको म्याद राखी गाउँपालिकाले अनुसूची १ बमोजिम विज्ञापन प्रकाशन गर्नुपर्नेछ । उक्त विज्ञापन गाउँपालिका तथा सम्बन्धित ठाउको सूचनापाटी समेतमा प्रकाशित गर्नुपर्नेछ ।

ख. दरखास्त फारम र प्रवेश पत्र सम्बन्धि व्यवस्थाः-गाउँपालिका द्वारा प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूची २ बमोजिमको दरखास्त फारम भारी आवश्यक कागजात सहित कार्यालयमा बुझाउनु पर्नेछ, दरखास्त फारम बुझाइसकेपछी उम्मेदवाराले अनुसूची ३ बमोजिमको प्रवेश पत्र पाउनेछ ।

ग. नियम ७ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानबिन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गर्नुपर्नेछ ।

(२) गाउँपालिकाको शिक्षण सहयोग अनुदानमा शिक्षकको पदपूर्तिका लागि देहाय बमोजिमको शिक्षक छनौट समितिबाट हुनेछ ।

तपसिल

१) गा.पा. अध्यक्ष - संयोजक
२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३) शिक्षा विकास तथा समन्वय इकाई बाट पठाइएको प्रतिनिधी १ जना- सदस्य
४) गा.पा. अध्यक्षबाट तोकिएको बिषय बिज्ञ १/१ जना - सदस्य
५) गा.पा. बाट तोकिएको अधिकृत स्तरको कर्मचारी १ जना-सदस्य
६) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

घ. गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाले प्रत्येक वर्षको चैत्र मसान्तभित्र विषय विज्ञको सुची अद्यावधिक गर्नेछ । यो निर्देशिका कार्यान्ययन हुनुपूर्व र यस निर्देशिका बमोजिम विज्ञहरुको सुची अद्यावधिक नहुँदै शिक्षक पदपूर्ति गर्नुपरेमा साविक अद्यावधिक भएका विज्ञका सुचीलाई प्रयोग गर्न सकिनेछ । गाउँपालिकाले विज्ञको सूचिकृत नगरेको भए शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीको विज्ञ सूचीबाट विज्ञ लिन सक्ने छ ।



CamScanner

ङ. विषय विज्ञमा सुचीकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षक वा श्रोतव्यक्तिले आफ्नो शैक्षिक योग्यताका प्रतिलिपि, तालिम तथा अध्यापन पत्रको प्रतिलिपि, स्थायी नियुक्तिको प्रतिलिपि पेश गर्नुपर्नेछ साथै आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धित तह र विषयको १/१ उत्तरकुञ्जिका सहितको प्रश्न पत्र समेत गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ ।

च. विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रहरुलाई गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ समेत समावेश गरी, मोडेरेशन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरी प्रश्नपत्र बैंकमा राख्न सकिनेछ ।

छ. शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने लिखित, प्रयोगात्मक र अन्तरवार्ता जस्ता परीक्षाको केन्द्र गा.पा.को सदरमुकाममा राख्नुपर्नेछ। तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा सञ्चालन गर्नुपर्ने प्रयोगात्मक परीक्षाको सम्बन्धित विषयको प्रयोगशाला भएको विद्यालयमा राख्न सकिन्छ ।

ज. आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

झ. माध्यमिक तहको विज्ञलाई आधारभूत तहको विज्ञका रुपमा पनि प्रयोग गर्न सकिनेछ ।

ञ. गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई सम्बन्धित सबैले पालना गर्नुपर्नेछ ।

**८. शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क. शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्नपत्र तयार गर्ने वा विषय विज्ञहरुबाट तयार गरी परीक्षा लिने ।

ख. शिक्षक छनौट गर्नका लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग. लिखित परीक्षाको नतिजा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रमानुसार प्रचलित नियमानुसारको संख्यामा प्रकाशित गर्ने ।

घ. उत्तीर्णाक प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाक प्राप्त गरे त्यति नाम मात्र प्रकाशन गर्ने ।

ङ.सफल र वैकल्पिक उम्मेदवारको नामावली योग्यताक्रमानुसार प्रकाशन गर्ने ।

च. सफल र वैकल्पिक उम्मेदवारहरुको जानकारी सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गराउनु पर्नेछ ।

छ. शिक्षकको सेवा शर्त र सुविधा सम्बन्धमा सम्बन्धित विद्यालय र वि.व्य.स.लाई सुझाव दिने ।

ज. शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस निर्देशिकामा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।



CamScanner

सोनमा गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
सोनमा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७२

**९. परीक्षा सञ्चालन, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था :**

क. शिक्षक छनौट समितिले लिने लिखित परीक्षाको पूर्णाक २००, अन्तरवार्ता २५ र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ। सामान्य परीक्षा र विषयगत परक्षिाको उत्तीर्णाङ्क क्रमश: ५० र ४० हुनेछ।

ख. प्रश्नपत्र शिक्षक छनौट समितिका सदस्यको रोहबरमा गोप्य रुपमा फोटोकपी गरी सञ्चालन गरिनेछ।

ग. शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख वा गाउँपालिकाले तोकेको अधिकृतको रोहबरमा सम्बन्धित परीक्षा केन्द्र वा गाउँपालिकाको हाताभित्र सम्बन्धित विज्ञ वा रोष्टरमा सुचिकृत विषय विज्ञद्वारा उत्तरपुस्तिका परीक्षण गराइनेछ।

घ. अन्तरवार्ताको अंक विभाजन आयोगले स्थायी शिक्षक छनौटका लागि तोकेअनुसार हुनेछ।

ङ. छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्दछ।

च. परीक्षा सञ्चालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा, उम्मेदवारका बीच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सूचीबाट हटाउन सकिनेछ।

छ. परीक्षा सञ्चालनको खर्च व्यवस्था सम्बन्धमा :

समितिका पदाधिकारी वा विषय विज्ञलाई प्रचलित नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ।

**१०. करार सम्झौता र नियुक्ति :**

**गाउँपालिकाको अनुदानबाट शिक्षकहरुको सम्झौता र नियुक्ति निम्न प्रक्रियाअनुसार गरिनेछ :**

क. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक शैक्षिक सत्रको लागि करारको रुपमा सम्झौता गरिनेछ।

ख. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक शैक्षिक सत्रको लागि करारको रुपमा गाउँपालिकाले नियुक्ति दिनेछ। गाउँपालिकाको शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को शैक्षिक सत्रको लागि नियुक्तिको म्याद थप गर्न सकिनेछ। तर एक पटकमा एक आर्थिक वर्षभन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन।

ग. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र नियुक्ति लिई सक्नुपर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ।

घ. सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँपालिकाको निर्णयानुसार दिइनेछ।

ङ. परीक्षण अवधि ६ (छ) महिनाको हुनेछ।



CamScanner

च. हरेक शैक्षिक सत्रमा गाउँपालिकाले आवश्यकता अनुसार गा.पा. अनुदानमा कार्यरत शिक्षकहरुलाई फरक फरक विद्यालयमा खटाई कामकाज गराउन सक्नेछ ।

**११. काम कर्तव्यः गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।**

क. विद्यालयमा नियमित रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने ।

ग. प्रधानाध्यापकको निर्देशनानुसारको कामकाज गर्नुपर्ने ।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षण गर्ने ।

ङ. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।

## परिच्छेद-४

## तलब भत्ता र बिदा

**१२. तलब भत्ता :**

क. गाउँपालिकाबाट प्रदान गरिएको शिक्षण सहयोग अनुदानबाट नियुक्त भएका शिक्षकको तलब भत्ता शिक्षण सहयोग अनुदानका रुपमा विद्यालयलाई मासिक वा चौमासिक रुपमा उपलब्ध गराईनेछ। विद्यालयले शिक्षकलाई तलब भत्ता उपलब्ध गराई भर्पाई विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ख. गाउँपालिकाको शिक्षण सहयोगमा अनुदानबाट नियुक्त शिक्षकले प्रत्येक १ महिनाको अनुदान बराबरको रकम चाडपर्व खर्च बापत पाउनेछन् ।

**१३. विदा :**

क. शिक्षकले वर्ष भरीमा भैपरी आउने बिदा ६ दिन, बिरामी बिदा १२ दिन र क्रिया विदा शिक्षा नियमावलीअनुसार १५ दिन तथा सुत्केरी विदा सुत्केर हुनुअघि वा पछि गरी ६० दिन र प्रसूति स्याहार विदा १५ दिन सेवा अवधि भरिमा २ पटक पाउनेछन्।

ख. विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग. बिरामी विदा जति भए पनि सञ्चित गर्न सकिनेछ तर सो बापतको रकम पाइने छैन ।

घ. विदा सहुलियत हो अधिकार होइन ।

## परिच्छेद-५

## शिक्षकको आचारसंहिता

**१४. आचारसंहिता :** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहिता पालना गर्नुपर्नेछ ।

क. नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने ।

ख. विद्यार्थी र शिक्षक बीच मित्रवत रुपमा व्यवहार कायम गर्ने ।

ग. आफ्नो पेशाप्रति इमान्दारिताका साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जुनसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य हुनुपर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गर्न पाइने छैन ।

ङ. पद अनुसारको आचरण पालना गरेको हुनुपर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, तालाबन्दी गर्ने, शारीरिक तथा मानसिक दबाब दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. विद्यालय हाताभित्र धुम्रपान, सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन ।

ज. मादक पदार्थ सेवन गरी विद्यालयभित्र प्रवेश गर्न पाइने छैन ।

झ. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

ञ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइने छ ।

ट. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षा नियमावली २०५९(संसोधन समेत) र शिक्षा ऐन २०२८ (संसोधन समेत) ले निर्दिष्ट गरेको आचारसंहिताको पालना गरेको हुनु पर्नेछ ।

## परिच्छेद-६

## सजाय र पुरस्कार सम्बन्धी व्यवस्था

**१५. सजाय :** उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने ।

ख. तलब रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने ।

घ. निश्चित समयको लागि निलम्बन गर्ने ।

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

**१६. नसिहत दिने :** शिक्षकले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।

**१७. तलब रोक्का गर्ने :** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिने छ ।

क. अनुशासनहीन काम गरेमा ।

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा ।

ग. बारम्बार बिना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

ङ. विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

च. आफ्नो पदीय जिम्मेवारी बहन नगरेमा ।

छ. मादक पदार्थ सेवन गरी विद्यालयमा आउने गरेमा ।

ज. विद्यालयको गोपनियता भङ्ग गरेमा ।

झ. यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा ।

**१८. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने :** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरबाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि-नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा निजकै पूरा तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवम तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

**१९. निश्चित समयको लागि निलम्बन गर्ने :** गाउँपालिकाको अनुदानबाट नियुक्त हुने कुनै पनि शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नुपरेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

**२०. सेवाबाट हटाउने वा बर्खास्त गर्ने :**

अ. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

ख. मादक पदार्थ सेवन गरी विद्यालयमा आउने गरेको कुरा प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक/ शैक्षिणिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन भन्दा बढी अनुपस्थित भएमा ।

घ. विद्यालयलाई हानि नोक्सानी हुने गरी कार्य बारम्बार गरेमा ।

ङ. पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।



CamScanner

च. अनुशासन तथा आचरण सम्बन्धित व्यवस्था बारम्बार उल्लङ्घन गरेमा ।
छ. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।
ज. मगज बिग्रेमा ।
झ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

आ. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।
क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।
ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।
ग. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा ।

**२१. सफाईको अवसर दिनुपर्ने :**

क. सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

**२२. सजाय गर्ने अधिकारी :** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन्।

क. शिक्षकलाई चेतावनी दिने नसिहत दिने, गयल कट्टा गर्ने प्र.अ. ।

ख. तलब रोक्का गर्ने प्र.अ.को सिफारिसमा शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख ।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने वि.व्य.स.को सिफारिसमा गाउँ शिक्षा समिति ।

**२३. पुरस्कार :** उत्कृष्ट सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुऱ्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुऱ्याउने शिक्षकहरुलाई गाउँ शिक्षा समितिले पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेद-७

## विविध

**२४. विविध :**

क. यस शिक्षण सहयोग अनुदान कार्यविधि - २०८१ मा आवश्यकतानुसार थपघट गर्ने अधिकार गाउँ कार्यपालिकामा रहने छ ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार गाउँपालिकाले निरन्तरता दिन सक्नेछ ।

ग. यो कार्यविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान प्राप्त भई विद्यालय तहमा शिक्षक नियुक्ति गर्नुपरेमा यसै कार्यविधि बमोजिम गर्न सकिने छ र ती शिक्षकका हकमा पनि यस कार्यविधिमा उल्लेख भएका कुराहरु लागू हुनेछन्।



CamScanner

घ. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा शिक्षा ऐन २०२८ (संसोधन समेत), शिक्षा नियमावली २०५९(संसोधन समेत) र शिक्षक सेवा आयोग नियमावली २०७५(संसोधन समेत) अनुसार हुनेछ ।

ङ. यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिको निर्णयानसार हुनेछ ।

<u>धन्यवाद</u>

अनुसूची - १

(दफा ७ को (१) सँग सम्बन्धित विज्ञापन पत्रको ढाँचा) स्थानीय सरकार

# सोनमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सोनमा,महोत्तरी

मधेश प्रदेश, नेपाल

प.सं./Ref No.:- २०८१/०८२

च.नं. / Dispatch No.:-

मिति :-

**गाउँ शिक्षक पदको खुल्ला विज्ञापन ।**

यस सोनमा गाउँपालिकाको लागी निम्न बमोजिम गाउँ शिक्षक पदमा खुल्ला प्रतियोगिताद्वारा २०८१/०८२ को लागी करार सेवामा नियुक्ती गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०१०/२०८१/०८२ | गाउँ शिक्षक | मा. वि. | १ एक |
| २ | ०११/२०८१/०८२ | गाउँ शिक्षक | आधारभूत | १ एक |

१. परिक्षाको किसिमः- लिखित र अन्तर्वार्ता
२. परिक्षा केन्द्र र परिक्षा मितिः- सम्पर्क मितिमा तोकिने छ ।
३. उमेरः- दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।
४. दरखास्त दस्तुरः- मा. वि. १००० एक हजार रुपया, आ. तह.- ४०० आठ सय
५. दरखास्त बुझाउने अन्तिम मितिः- २०८१....................
६. समपर्क मितिः- २०८१/०८/........
७. दरखास्त बुझाउने स्थानः- सोनमा गाउँपालिका, महोत्तरी
८. आवश्यक न्युनतम योग्यताः- नागरिकताको प्रतिलिपि, तहगत शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतीपत्रको प्रतिलिपी
९. सोनमा गाउँपालिका भित्रका उम्मेदवारहरुलाई विशेष ग्राहयता प्रदान गरिनेछ ।
१०. तलब भत्ताः- शिक्षण अनुदान कार्यविधी २०८१ बमोजिम

## सोनमा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

सोनमा, महोत्तरी मधेश प्रदेश

# गाउँ शिक्षक दरखास्त फारम

(क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरण

| १. विज्ञापन नं. | २. खुल्ला/समावेसी | ३. पदः- | ४.श्रेणी/तह | ५. परिक्षा केन्द्र |
|---|---|---|---|---|

(ख) उम्मेदवारको वैक्तिगत विवरण

| | | |
|---|---|---|
| उम्मेदवारको नाम | नामः- | |
| | अंग्रेजी ठुलो अक्षरमाः- | |
| व्यक्तीगत विवरण | जिल्लाः- | वडा. नं.ः- |
| | ना.पा/गा.पा.ः- | टोलः- |
| | नागरित्ता नं.ः- | जारी मितिः- |
| | जारी गर्ने जिल्लाः- | प्रदेशः- |
| | बुवाको नामः- | |
| | बाजेको नामः- | |
| | आमाको नामः- | |
| | पति/पत्नीको नामः- | |
| | जन्म मिति(बि.सं.)ः- | जन्म मिति(इ.सं.) |
| सम्पर्क | मोबाइल नं.ः- | फोन नं.ः- |
| | इमेल आइडीः- | |

(ग) शैक्षिक योग्यता/तालिम सम्बन्धी

| शैक्षिक योग्यता | कक्षाः- | उतिर्ण सालः- | श्रेणीः- | तालिमः- |
|---|---|---|---|---|

(घ) अनुभव सम्बन्धी

| कार्यालय | पद | सेवा समुह | अवधी | किसिम |
|---|---|---|---|---|
| | | | | |

माथि लेखिएको सबै व्यहोरा ठिक रहेको छ, झुठा ठहरेमा कानु बमोजिम सजाय पाउने छु ।

प्रचलित कानुन तथा दरखास्त फारममा उल्लेख गरिए बमोजिम सबै शर्त तथा नियमहरु पालन गर्न मन्जुर गर्दछु ।

## अनुसूची - २

(दफा ७ को (१)को (ख) सँग सम्बन्धित दरखास्त फारमको ढाँचा) स्थानीय सरकार

| उम्मेदवारको साही छाप | | | | फोटो |
|---|---|---|---|---|
| दायाँ | बायाँ | हस्ताक्षर | | दुवै कान देखिने फोटो |
| | | | | |

| कार्यालयले प्रयोजनको लागी | | | |
|---|---|---|---|
| रसिद नं. | रोल नं. | | |
| दरखास्त स्वीकृत/अस्वीकृत | | | |

| रुजु गर्नेको | | प्रमाणित गर्नेको | |
|---|---|---|---|
| नामः- | | नामः- | |
| पदः- | | पदः- | |
| हस्ताक्षर | मितिः- | हस्ताक्षर | मिति |

अनुसूची - ३

(दफा ७ को (१)को (ख) सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा) स्थानीय सरकार

# सोनमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**सोनमा,महोत्तरी मधेष प्रदेश**

**प्रवेश पत्र**

| विज्ञापन नं. | खुला/समावेसी |
|---|---|
| | |
| | |
| पद/श्रेणीः- | परिक्षा केन्द्रः- |
| उम्मेदवारको | नामः- |
| | दस्तखतः- |

कार्यालयको छाप

.................................

प्रमुख प्रशासकीय अधिकृत

नोटः- पछाडी पट्टी रहेको उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु हेर्नुहोला ।

## उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु

१. परिक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेश पत्र लिएर आउनु पर्नेछ । बिना प्रवेश पत्रको परिक्षामा बस्न पाइने छैन ।
२. परिक्षा हलमा किताव, कपी, चिट र मोबाइल फोन ल्याउन पाइनेछैन । उम्मेदवारले आपसमा कुराकानी गर्न पौने छैन ।
३. लिखित परिक्षामा सफल हुने उम्मेदवार मात्र मौखिक परिक्षामा सहभागी हुन पाउनेछ ।
४. परिक्षा हलमा परीक्षार्थीले मर्यादा विपरित कुनै काम गरेमा केन्द्राध्यक्षले कानुन अनुसारको कार्यवायी गर्नेछ, त्यसरी निस्काशन गरिएको उम्मेदवारको परिक्षा स्वतः रद्द हुनेछ ।
५. उम्मेदवारले हाजिरी अनिवार्य रुपमा गर्नु पर्नेछ ।
६. कार्यालयले निर्धारन गरे बमोजिम परिक्षा संचालन गरिनेछ ।
७. कुनै उम्मेदवारले प्रश्न पत्र सम्बन्धी केही सोध्नु परेमा अरु उम्मेदवारलाई बाधा नपर्ने गरी सोध्नु पर्नेछ ।
८. बिरामी परीक्षार्थीले परिक्षा दिन आउँदा परिक्षा हलभित्र केही भएमा आयोग जवाव देही हुने छैन ।

सोनमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सोनमा, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

## अनुसूची - ४

### (दफा १० को (क) सँग सम्बन्धित सम्झौता पत्रको ढाँचा) स्थानीय सरकार

सोनमा गाउँ कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र महोत्तरी जिल्ला, सोनमा गाउँपालिका वडा नं....... मा बस्ने श्री .................. (यसपछि दोश्रो पक्ष भनिएको) बीच सोनमा गाउँपालिकामा ............... पदमा कामकाज गर्न देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं।

१ **कामकाज सम्बन्धमा** : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्ने छ।

२ दोस्रो पक्षले सोनमा गाउँपालिकाको कुनै पनी विद्यालयमा कामकाज गर्नु पर्नेछ।

३ **करारमा काम गरे वापत पाँउने पारिश्रमिक** : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .................... (अक्षरेपी रु. ............................) मात्र पारिश्रमिक उपलब्ध गराउने छ।

४ **सामान्य प्रशासन मन्त्रालयको च.नं.२१७ मिति २०७४।०१।२५** गतेको पत्रानुसार प्रत्येक वर्ष चाडे पर्व खर्च र निजामती कर्मचारी सरहको लुगा भत्ता उपल्बध गराईने छ।

५ **आचरणको पालना** : दोश्रो पक्षले सोनमा गाउँपालिका प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्वन्धि व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

६ **विदा** : दोस्रो पक्षलाई सार्वजनिक विदा बाहेक अन्य कुनै पनि किसिमको विदा उपलब्ध हुने छैन। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक विदाको दिनमा कार्यालयमा काम लगाए वापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ।

७ **कार्यालय सम्पत्तिको सुरक्षा** : दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपुर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

८ **गोप्यता** : दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सो बाट भएको हानी नोक्सानीको क्षतिपुर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिने छ।

९ **करार अवधि** : यो करार ......................... गते देखी .......................... मसान्त सम्मको लागि हुनेछ।

१० **कार्यसम्पादन मुल्याङ्कन** : पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मुल्याङ्कन गर्ने र सो मुल्याङ्कन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ। तर करार गरिएको पद वा दरवन्दिमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वत : खारेज हुनेछ।

११ **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य** : दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा उनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ। र सो भन्दा बढी सेवा नगरेमा स्वत : यो सम्झौता पहिले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्वन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन।

१२ **दाबी नपुग्ने** : दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन।

१३ **प्रचलित कानुन लागु हुने** : यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

**गाउँपालिकाको तर्फ बाट :**
**हस्ताक्षर :**
**नाम :**
**पद :**
कार्यालयको छाप :

**दोस्रो पक्ष (करार गर्ने)**
**हस्ताक्षर :**
**नाम :**
**पद :**



CamScanner

अनुसूची - ४

(दफा १० को (ख) सँग सम्बन्धित पत्रको ढाँचा) स्थानीय सरकार

# सोनमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सोनमा,महोत्तरी

मधेश प्रदेश नेपाल

.सं./Ref No.:-

.नं. / Dispatch No.:-

मिति :-

विषय : नियुक्ति सम्बन्धमा ।

श्री................................,

...................................।

तपाईलाई मिति २०..../...../..........निर्णयानुसार सूचिकरण गरिए बमोजिम ................................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०...../....../..... देखि २०..../......./.....सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस सोनमा गाउँपालिका पालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ । नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ ।

.........................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री विद्यालयको आर्थिक प्रशासन शाखा: प्रमाणित हाजिर/time sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम चौमासिक रुपमा उपलब्ध गराउनुहुन ।

श्री विद्यालय प्रशासन शाखा : हाजिरीको व्यवस्था हुन ।



CamScanner